नेपाल सरकार

# गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८१/८२

<u>प्रकाशकः</u>

कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरबार, काठमाडौं

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

# वार्षिक प्रतिवेदन

## आ.व. २०८१।८२




## कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग


सिंहदरवार, काठमाडौं

**Website: https://dmpc.moha.gov.np**

**Email: dmpc.2078@gmail.com/ kasursampati@moha.gov.np**

संरक्षक

प्रेमप्रसाद भट्टराई

(महानिर्देशक)

कार्यकारी सम्पादक

अमरदिप सुनुवार

(उपसचिव)

सम्पादक

सीता अधिकारी–शाखा अधिकृत

रामचन्द्र आले- शाखा अधिकृत

नवराज विष्ट- सरकारी वकिल

गणेश प्रसाद घिमिरे- लेखा अधिकृत

अनन्त सुनार- ईन्जिनियर

# नेपाल सरकार
# गृह मन्त्रालय
# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग
# सिंहदरबार, काठमाडौं

## मन्तव्य

फौजदारी कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका, रोक्का तथा जफत गरिएका सम्पत्ति तथा साधन प्राप्त गरी सुरक्षित राख्ने तथा अदालतबाट जफत हुने ठहर भएका सम्पत्ति तथा साधनहरूको एकीकृत व्यवस्थापन गर्न कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० बमोजिम कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना भएको हो। सो ऐनमा भएको कानूनी व्यवस्था बमोजिम फौजदारी कसूरबाट प्राप्त सम्पति तथा साधनहरू नेपाल सरकारको नाममा कायम गर्ने, लिलाम बिक्री गरी प्राप्त भएको रकम कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा गर्ने, कसूरजन्य सम्पत्तिको लगत राख्ने लगायतका कामहरू यस विभागले गर्दै आएको छ।

आर्थिक वर्ष २०८१/०८२ मा विभागबाट भएका कार्यसम्पादनलाई समेटेर दस्तावेजका रूपमा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ। कसूरजन्य कार्यबाट आर्जित सम्पत्ति तथा साधनलाई राज्यको कोषमा ल्याई कानूनको शासन कायम गरी सुशासन प्रवर्द्धनमा सहयोग पुर्याउन विभागले गरेका कार्यहरूबारे सरोकारवाला तथा आम सर्वसाधारण नागरिकले सुसूचित हुन पाउने हक सुनिश्चित गर्न र सूचनाको हकको कार्यान्वयन गर्न प्रस्तुत प्रतिवेदन सहयोगी सिद्ध हुनेछ। साथै यस विभागको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र रही सम्पादन हुने कार्यलाई सरोकारवाला व्यक्ति, अनुसन्धानकारी निकाय, सरोकारवाला निकाय, नागरिक अध्येता तथा निकाय समक्ष पुर्याई आवश्यक पृष्ठपोषण लिने कार्यमा समेत प्रतिवेदन उपयोगी हुने विश्वास लिएको छु।

अन्त्यमा, कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०, कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना(२०८१-२०८६), नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम, अन्य प्रचलित कानुन, बार्षिक बजेट तथा आफ्नो कार्यक्षेत्र अन्तर्गत तोकिएको जिम्मेवारी पूरा गर्न हरसम्भव प्रयास गरिएको छ। विभागको लक्ष्य एवं उद्धेश्य प्राप्तिका लागि आवश्यक निर्देशन दिनु हुने माननीय गृहमन्त्रीज्यू, श्रीमान सचिवज्यू, प्रमुख जिल्ला अधिकारीज्यूहरू, जिल्ला प्रशासन कार्यालय परिवार, विभिन्न अनुसन्धानकारी निकायहरू, अभियोजनकर्ता तथा अदालत र विभागका सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै यस प्रतिवेदनको अध्ययन गरी विभागबाट सुधार गर्न सकिने कुराहरूमा विद्धतवर्गबाट प्राप्त हुने सुझाव सदैव स्वीकार्य हुनेछ। आफूलाई तोकिएको जिम्मेवारी वहन गरी विभागको उद्देश्य पूरा गर्न खटिई सहयोग पुयाउनु हुने सबै कर्मचारीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**(प्रेम प्रसाद भट्टराई)**
**महानिर्देशक**

# परिच्छेद-एकः परिचय

## १.१. पृष्ठभूमि :

फौजदारी कसूरसँग सम्बन्धित सम्पत्ति तथा साधन पहिचान गर्न, रोक्का राख्न, नियन्त्रणमा लिन एवं जफत भएका सम्पत्ति तथा साधनको एकीकृत तथा विशिष्टीकृत व्यवस्थापन गर्न कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ जारी भई कार्यान्वयनको अवस्थामा रहेको छ। कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १३(१) मा नेपाल सरकारले कसूरबाट प्राप्त सम्पत्ति तथा साधनको व्यवस्थापन र लिलाम बिक्री सम्बन्धी कार्य गर्न कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना गरिने प्रावधान बमोजिम मिति २०७८/०६/१० गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार मिति २०७८/०७/०१ गते यस विभागको स्थापना भएको हो।

## १.२. विभागको दीर्घकालीन सोच

कसूरजन्य सम्पत्ति तथा साधनको उचित व्यवस्थापन गर्दै विधिको शासन कायम गरी सुशासन अभिवृद्धि गर्ने।

## १.३. विभागको उद्देश्य

- अदालतको आदेश वा फैसला बमोजिम जफत हुने ठहर भएका सम्पत्ति वा साधनको उचित व्यवस्थापन गर्नु,
- कसूर अनुसार पहिचान, रोक्का भएका सम्पत्ति तथा साधन प्राप्त गरी सुरक्षित राख्नु,
- कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनसँग सम्बन्धित कानूनी तथा संस्थागत संरचनालाई प्रभावकारी बनाउनु,
- सम्पत्ति शुद्दीकरण तथा आतङ्कबादी क्रियाकलापममा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा मुलुकले सहमति जनाएको अन्तर्राष्ट्रिय प्रतिवद्धता हाँसिल गर्नु।

## १.४. विभागको रणनीति

- कसृरबाट जफत हुने ठहर भएका सम्पत्ति तथा साधन समयमानै लिलाम बिक्री वा उपयोगको व्यवस्था गर्ने।
- कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण, जफत तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय अभिलेख तयार गर्न सफ्टवेयर विकास गर्ने।
- कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनका लागि प्रतिबद्ध कानून कार्यान्वयन गर्दै समानान्तर कानूनहरुलाई परिमार्जन गर्न पहल गर्ने।

- कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको संस्थागत क्षमता बढाउने, कार्यरत कर्मचारीहरूको सक्षमता बढाउन आवश्यक तालिम प्रदान गर्ने।
- जिल्ला प्रशासन कार्यालयहरूमा कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाई गठन गर्ने।
- अनुसन्धानकारी निकायहरूको केन्द्रीय कार्यालय तथा विभागहरुमा कसूरजन्य सम्पत्ति तथा साधनहरूको व्यवस्थापन गर्ने प्रयोजनका लागि फोकल विन्दु तोक्ने।
- कसूरको रोकथाम, नियन्त्रण, अनुसन्धान, अभियोजन, न्याय सम्पादन तथा सो सम्बन्धी कार्यमा संलग्न जनशक्तिको क्षमता तथा व्यवसायिक दक्षता अभिवृद्धि गर्ने।
- कसूरजन्य सम्पत्ति व्यवस्थापन गर्न आवश्यक संरचना प्रवन्ध गर्ने।
- कसूरजन्य सम्पत्ति व्यवस्थापन क्षेत्रमा कार्यरत अन्तराष्ट्रिय संस्थहरूसँग सम्वन्ध विस्तार गर्ने।
- व्यवस्थित गरिएका सम्पत्ति तथा साधन सम्वन्धी अर्काइभ तयार गर्ने।

## १.५. विभागको काम, कर्तव्य र अधिकार

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम कसूरजन्य सम्पत्ति व्यस्थापन विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ:-

- कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको व्यवस्थापन गर्ने वा गराउने,
- अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको विदेशी मुद्रा, विनिमेय अधिकारपत्र, बहुमूल्य धातु वा बस्तु नेपाल राष्ट्र बैङ्क वा विभागले तोकेको बैङ्कमा सुरक्षित तथा व्यवस्थित रूपमा राख्ने व्यवस्था मिलाउने,
- कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन लिलाम बिक्री गर्ने वा गराउने,
- अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा साधन प्राप्त गर्ने,
- अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा साधनको व्यवस्थापन गर्ने,
- अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा साधनको लिलाम बिक्री गर्ने वा गराउने,
- कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषको रकम प्रयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम बनाई स्वीकृतिको लागि कोष सञ्चालन तथा व्यवस्थापन समिति समक्ष पेश गर्ने,
- कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको संरक्षण सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण गर्ने,
- रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको व्यवस्थापन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय वा अन्य निकायलाई आवश्यक निर्देशन दिने,

- कसूरजन्य सम्पत्ति वा साधन रोक्का, नियन्त्रण वा जफत गर्ने सम्बन्धमा अनुसन्धान अधिकारीसँग आवश्यक समन्वय गर्ने र कोषको लेखा परीक्षण गराउने ।

## १.६. विभागको संगठन संरचना

नेपाल सरकार

**गृह मन्त्रालय**

**कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको संगठन संरचना**

**महानिर्देशक(रा.प.प्रथम)** — **निजी सहायक(रा.प.अनं.प्रथम/सा.प्र)**

प्रशासन
- उपसचिव(रा.प.द्वि.सा.प्र.)-१
- शा.अ. (रा.प.तृ.सा.प्र.)-१
- शा.अ.(रा.प.तृ./न्याय/सरकारी वकील)-१
- नायब सुब्बा(रा.प.अनं.प्र.सा.प्र)-२
- क.अ. (रा.प.अनं.प्र.विविध/सा.प्र.)-२
- ह.स.चा-ज.मे.३
- कार्यालय सहयोगी-(श्रेणीविहीन)६

योजना, अनुगमन तथा सम्पत्ति व्यवस्थापन शाखा
- उपसचिव(रा.प.द्वि.सा.प्र.)-१
- शाखा अधिकृत(रा.प.तृ.सा.प्र.)-१
- ईन्जिनियर (रा.प.तृ.प्रा.ईन्जि/मेकानिकल/ज. मे.)-१
- इन्जिनियर (रा.प.तृ.प्रा.ईन्जि/सिभिल/जनरल)-१
- नायब सुब्बा(रा.प.अनं.प्र)-१
- सवइन्जिनियर (रा.प.अनं.प्र.प्रा.ईन्जि/सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट)-१मेकानिकल
- सुपरभाइजर(रा.प.अनं.प्र.प्रा.ईन्जि/मेकानिकल/जनरल मेकानिकल)-१

आर्थिक प्रशासन शाखा
- [illegible] (रा.प.तृ./लेखा.)-१
- लेखापाल (रा.प.अनं.प्र./लेखा.)-१

- श्रेणी विहिन पदमा स्थायी कर्मचारीबाट पदपूर्ति हुन नसकेसम्म करार सेवाबाट पदपूर्ति गर्ने ।
- आवश्यकतानुसार नेपाल प्रहरीबाट खटिने जनशक्तिहरू समेत यस विभागमा रहनेछन् ।
- विभागले यस दरवन्दीमा उल्लेख भएको बाहेक कुनै विशेषज्ञ सेवा आवश्यक परेमा नेपाल सरकारका अन्य निकायहरूसंग समन्वय गर्न सक्नेछ ।

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको दरबन्दी तेरिज

| सि.न. | पद | श्रेणी/तह | सेवा | समुह/ उपसमुह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्रथम | प्रशासन | - | १ | |
| २. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | २ | |
| ३. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | २ | |
| ४. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | |
| ५. | शाखा अधिकृत | रा.प.तृतीय | न्याय सेवा | सरकारी वकील | १ | |
| ६. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ | मेकानिकल /जनरल मेकानिकल | १ | |
| ७. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ | सिभिल/जनरल | १ | |
| ८. | सव इन्जिनियर | रा.प.अन.प्रथम | इन्जिनियरिङ | सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | १ | |
| ९. | मेकानिकल सुपरभाइजर | रा.प.अन.प्रथम | इन्जिनियरिङ | मेकानिकल /जनरल मेकानिकल | १ | |
| १०. | नायव सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | ४ | |
| ११. | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | |
| १२. | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | - | २ | |
| १३. | सर्भेक्षक | रा.प.अन.प्र (प्रा.) | इन्जिनियरिङ | सर्भे | १ | |
| १४. | हलुका सवारी चालक | श्रेणी विहीन | विविध | - | ३ | |
| १५. | कार्यालय सहयोगी | श्रेणी विहीन | विविध | - | ६ | |
| जम्मा | | | | | २८ | |

प्रदेश राजधानी भएका तपसिलका ७ (सात) वटा जिल्ला प्रशासन कार्यालयहरुमा हालको संगठन संरचनामा कसूरजन्य सम्पत्तिको व्यवस्थापन सम्बन्धी कार्य गर्न कसूरजन्य सम्पत्ति इकाईको गठन गरिएको छ। सो प्रयोजनका लागि १/१ (एक/एक) जना नायव सुब्बा रहने गरी जम्मा ७ (सात) वटा दरवन्दी सिर्जना भएको छ।

**तपसिल**

| क्र.सं. | प्रदेश | जिल्ला |
|---|---|---|
| १ | कोशी प्रदेश | मोरङ |
| २ | मधेश प्रदेश | धनुषा |
| ३ | बागमती प्रदेश | मकवानपुर |
| ४ | गण्डकी प्रदेश | कास्की |
| ५ | लुम्बिनी प्रदेश | दाङ |
| ६ | कर्णाली प्रदेश | सुर्खेत |
| ७ | सुदूरपश्चिम प्रदेश | कैलाली |

## १.७. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१-२०८६):

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्वन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८१/०८२ - २०८५/०८६ मा गम्भीर र उच्च जोखिमयुक्त आर्थिक अपराध अनुसन्धान र अभियोजनमा जोखिम केन्द्रित पद्वति अवलम्वन गर्ने उद्देश्य अन्तर्गत यस विभागसँग सम्वन्धित देहाय बमोजिमको रणनीति रहेको छ ।

- कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण, जफत र असुल उपर सम्बन्धी मार्गदर्शन बनाई लागु गर्ने।

साथै सोही रणनीतिमा विभागसँग सम्वन्धित तपशिल बमोजिमको कार्ययोजना रहेको छ ।

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय/कार्यसमीक्षा गर्ने निकाय | समयावधि | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| १. | रोक्का, नियन्त्रण र जफत सम्वन्धमा फरक फरक कानूनी व्यवस्थालाई खारेज गरी कसूरजन्य सम्पत्ति (रोक्का, जफत र नियन्त्रण)ऐन अनुसार हुने गरी कानूनको मस्यौदा तयार गर्ने । | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग,सम्बन्धित निकाय | | २०८१ पुस | कानूनको मस्यौदा तयार भएको हुने। |
| २. | कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापन,असुल उपर सम्वन्धी मार्गदर्शन तयार गरी लागू गर्ने । | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | अनुसन्धानकारी निकाय, फैसला कार्यान्वयन निर्देशनालय, अनुसन्धान समन्वय संयन्त्र | गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय | २०८१ पुस | कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापन, असूल उपर कार्य व्यवस्थित भएको हुने । |

## १.८. महानिर्देशक तथा शाखाहरूको काम, कर्तव्य र अधिकारः

### क) विभागको महानिर्देशकः

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १३ को उपदफा (२) मा विभागको प्रमुखको रुपमा कार्य गर्न नेपाल सरकारले निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतको नियुक्त गर्नेछ भन्ने व्यवस्था रहेकोमा विभागको महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छनः-

१. प्रचलित कानून बमोजिम विभागको प्रशासनिक, आर्थिक र व्यवस्थापकीय नेतृत्व गर्ने,
२. फौजदारी कसूरको अनुसन्धान तहकिकातको सिलसिलामा रोक्का वा नियन्त्रणमा लिएको सम्पत्ति व साधनको व्यवस्थापन सम्बन्धी,
३. नेपाल सरकारले कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधनको व्यवस्थापन र लिलाम बिक्री सम्बन्धी,
४. गृह मन्त्रालय लगायत विभिन्न मन्त्रालय र निकायसँग सम्पर्क र समन्वय सम्बन्धी,
५. विभागको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने सम्बन्धी,
६. वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी,
७. शाखा प्रमुखहरूलाई आवश्यक निर्देशन सम्बन्धी,
८. तालुक निकायहरूको नीति निर्देशनको पालना सम्बन्धी,
९. कसूरजन्य सम्पत्ति व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,
१०. विभागसँग सम्बन्धित निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमा, स्वीकृत र कार्यान्यवन सम्बन्धी,
११. कोष सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक कार्यविधि तथा मापदण्ड बनाउने सम्बन्धी,
१२. विभागले गरेका काम कारवाही सम्बन्धी नेपाल सरकार समक्ष पेश गर्नुपर्ने प्रतिवेदन सम्बन्धी,
१३. अनुगमन, समन्वय र सहजीकरण सम्बन्धी,
१४. विदेशी मुलुकको समान प्रकतिको निकायसँग पारस्पारिकताको आधारमा आपसी समझदारी गर्न सहयोग आदान प्रदान गर्ने सम्बन्धी,
१५. विभागको प्रशासकीय र मानव स्रोत विकास सम्बन्धी कार्य,
१६. विभागका कार्यक्रमहरु संचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्देशनहरु दिने कार्य,
१७. सुशासन प्रवर्द्धन र गुनासो व्यवस्थापन सम्बन्धी कार्य,
१८. निजामती सेवाका पद तथा पदाधिकारीहरूको कार्य विवरण दुरुस्त राख्न लगाउने सम्बन्धी कार्य,
१९. जनशक्ति विकासको लागि स्वदेशी तथा वैदेशिक अध्यन तालिम सम्बन्धी व्यवस्थापनसम्बन्धी कार्य,
२०. राष्ट्रसेवक कर्मचारी सम्वद्ध संघ संस्था व्यवस्थापन गर्ने कार्य,

२१. विभागको कार्यालय स्थापनाको लागि संभाव्य स्थानको खोजी र आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन कार्य गर्ने,

२२. मातहतका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

२३. कसूरजन्य सम्पति तथा साधनसँग सम्बन्धित अनुसन्धान र खोजमूलक कार्य गर्ने/गराउने,

२४. मातहतका शाखाहरूको कार्य सूचारु रूपले संचालन हुने व्यवस्था मिलाउने,

२५. विभागको भौतिक सामग्रीको संरक्षण तथा आर्थिक मितव्ययिता कायम गर्न सघाउ पुर्याउने,

२६. विभागका शाखाहरूको समन्वय गर्ने,

२७. विभागको निर्णयको कार्यान्वयन गर्ने गराउने,

२८. नेपाल सरकार (मन्त्रिपरिषद्) र गृह मन्त्रालयको निर्णय र निर्देशनको पालना गर्ने/गराउने,

२९. विभागको कर्मचारी प्रशासन सम्बन्धी कार्यको सुपरीवेक्षण तथा व्यवस्थापन गर्ने/गराउने,

३०. विभागका कर्मचारीहरूबाट अनुशासन तथा निजामती कर्मचारीको अचारसंहिताको पालना गर्ने/गराउने,

३१. विभागको सम्पत्तिको सुरक्षा, सरसफाई तथा सेवाग्राहीलाई समयमा सेवा प्रदान गर्ने/गराउने कार्यको उपयुक्त व्यवस्था गर्ने,

३२. नेपाल सरकारका अन्य निकायसंगको कार्यमा सहयोग र समन्वय गर्ने,

३३. सुशासन ऐन र नियमावलीमा उल्लेखित अधिकारहरूको प्रयोग गर्ने/गराउने,

३४. आर्थिक प्रशासन सम्बन्धी कार्यहरू

- जिन्सी सामानहरुको उचित व्यवस्थापन गर्ने र चालु हालतमा राख्ने राख्न लगाउने,
- प्रचलित आर्थिक ऐन नियम बमोजिम विभागको आर्थिक कारोवार गर्ने गर्न लगाउने,
- आर्थिक कारोवारहरुको हिसाब किताब दुरुस्त राख्ने राख्न लगाउने,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण प्रमाणित गरी दुरुस्त रुपमा राख्ने राख्न लगाउने,
- आन्तरिक लेखापरीक्षण गर्ने गराउने र अन्तिम लेखापरीक्षणका लागि आवश्यक सहयोग गर्ने,
- विभागको आर्थिक कारोवार उपर औंल्याइएका बेरुजुहरुको फछ्यौंट गर्ने गराउने,

३५. कानुनी कार्यहरुः

- विभागउपर विभिन्न अड्डा अदालतमा परेका मुद्दाहरूको लिखित जवाफ दिने दिन लगाउने,
- अदालत वा अन्य न्यायिक निकायबाट भएका निर्देशनहरूको पालना गर्ने वा गर्न लगाउने,
- कुनै अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला उपर नियमानुसार पुनरावेदन गर्ने गराउने,

३६. विभागले सम्पादन गर्ने भनी तोकिएका अन्य कार्यहरूको नेतृत्व गर्ने ।

ख) विभागको संगठन संरचनामा प्रशासन शाखा, योजना, अनुगमन तथा सम्पत्ति मूल्याङकन शाखा र आर्थिक प्रशासन शाखा रहेकोमा शाखाहरुको कार्य विवरण देहाय बमोजिम रहेका छनः-

- **प्रशासन शाखाको कार्य विवरणः**

१. विभागको कर्मचारी प्रशासन सम्बन्धी कार्य ,

२. कर्मचारीको सुविधा सम्बन्धी, निवृत्तिभरण, उपदान, औषधिउपचार, संचयकोष सम्वन्धी कार्य ,

३. विभागका कर्मचारीहरूको कार्य विवरण, कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य,

४. कर्मचारीहरूको विवरण तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,

५. विभागका कर्मचारीहरूको क्षमता र वृत्ति विकासका निमित्त आवश्यक आन्तरिक तथा बाह्य तालिमका निमित्त नियमित वार्षिक बजेट सहितको कार्ययोजना तयार गर्ने कार्य,

६. स्वदेश तथा विदेशमा सञ्चलन हुने तालिम गोष्ठी र अध्ययनका लागि प्रारम्भिक प्रकृया अगाडि बढाउने कार्य,

७. तालिम गोष्ठीको व्यवस्थापन गर्ने,

८. सवारीसाधन व्यवस्थापन सुरक्षा, संरक्षण र लिलामसम्बन्धी कार्य गर्ने,

९. प्रचलित कानुन बमोजिम खरिद सम्बन्धी कार्य,

१०. जिन्सी निरीक्षण र व्यवस्थापन सम्बन्धी कार्यहरु,

११. विभागको भौतिक सम्पत्तिको सुरक्षा एवं मर्मत संभार, लिलाम, मिन्हा र सरसफाई कायम राख्ने सम्बन्धी कार्य,

१२. विभागको विद्युतीय उपकरणहरू तथा गाडीहरूको सुरक्षा, मर्मत एवं व्यवस्थापन सम्बन्धी कार्य,

१३. विभागको मूलदर्ता चलानी तथा जनसम्पर्क तथा रिसेप्सन सम्बन्धी कार्य,

१४. नागरिक बडापत्र र गुनासो सम्बन्धी कार्यहरू,

१५. महानिर्देशकबाट निर्देशन भए बमोजिमका अन्य कार्य गर्ने,

१६. विभागसँग सम्बन्धित ऐन नियम, निर्देशिका तथा कार्यविधिहरूको निर्णय भए बमोजिम मस्यौदा तयार गर्ने सम्बन्धी कार्य,

१७. प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्ने सम्बन्धमा कानूनी राय परामर्श दिने,

१८. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन र नियमावली बमोजिम निर्दोष तेस्रो व्यक्तिको कानूनी अधिकारको संरक्षण गर्ने सम्बन्धी कार्य गर्ने,

१९. अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन अदालतको फैसला वा आदेश अन्तिम भएपछि लिलाम बिक्री गर्ने सम्बन्धमा आवश्यकतानुसार विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई कानूनी राय सल्लाह उपलब्ध गराउने,

२०. कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी काममा परेका मुद्धामामिला, रिटनिवेदन, लिखित जवाफ र पुनरावेदन/ पुनरावलोकन तयार गरी दायर तथा दर्ता गराउने,

२१. विभागको काम वा कर्तव्य पालनाको सिलसिलामा कर्मचारीहरू उपर आइपर्नसक्ने मुद्दामामिलाको सन्दर्भमा कानूनी प्रतिरक्षा गर्ने,

२२. विभागसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिको समय समयमा पुनरावलोकन गर्ने सम्बन्धी कार्य,

२३. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन र नियमावली बमोजिम पारस्पारिक कानूनी सहायता सम्बन्धी कार्य गर्ने,

२४. फैसला कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

२५. अनुसन्धानकारी निकाय र नियमनकारी निकायहरूसँग विभागको निर्देशन अनुसार समन्वय गर्ने,

२६. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाको कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागसँग सम्बन्धित कार्य गर्ने,

२७. विभागको निर्देशानुसार जाँचबुझ सम्बन्धी कार्य गर्ने,

२८. शाखाका कर्मचारीहरूको समय पालना र अनुशासन लगायतको रेखदेख गर्ने ।

- **योजना, अनुगमन तथा सम्पत्ति व्यवस्थापन शाखाको कार्य विवरणः-**

१. विभागको वार्षिक तथा रणनीतिक योजना तर्जुमा गर्ने।

२. विभागले सम्पन्न गरेका कार्य र संचार माध्यमको प्रकाशित विवरणको विश्लेषण गर्ने,

३. विभागबाट प्रकाशन गरिने सामग्रीको उत्पादन, प्रकाशन र वितरण गर्ने,

४. विभागले सम्पन्न गरेका कार्य र संचार माध्यमको प्रकाशित विवरणको आधारमा विश्लेषण गरी नीतिगत सुझाव पेश गर्ने,

५. विभागको वार्षिक कार्यक्रम बनाई पेश गर्ने,

६. मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

७. योजना तथा कार्यक्रमको प्रगति तयार गरी समीक्षाको व्यवस्था गर्ने,

८. योजना र आयोजनाको अनुगमन गरी समीक्षा गर्ने, मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

९. विभिन्न योजना, कार्यक्रम, बजेट स्वीकृतिका लागि पेश गर्ने,

१०. विभागसँग सम्वन्धित कार्यक्रमको अनुगमन र समीक्षा गर्ने,

११. विभागका विभिन्न योजना, कार्यक्रम, बजेट तर्जुमा एवं स्वीकृति सम्बन्धी कार्य,

१२. विभागका कार्यक्रमहरु सन्चालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्देशनहरु दिने कार्य,

१३. आयोजना एवं कार्यक्रम स्वीकृत भएपछि सम्बन्धित निकायलाई जानकारी गराउने कार्य,

१४. मातहतका सम्बन्धित निकायहरूलाई बजेट सिलिङ्ग पठाउने कार्य,

१५. कार्यक्रम समन्वयका लागि बजेट व्यवस्था गर्ने,

१६. योजना कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्न आन्तरिक तथा बाह्य अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी कार्यान्वयन गर्ने कार्य,

१७. विभागको वार्षिक तथा आवधिक कार्ययोजना तथा रणनीतिहरू तयार गर्ने कार्य,

१८. कार्ययोजना कार्यान्वयन अनुगमनका निमित्त सूचाङ्कहरु तथा लक्ष्य निर्धारण गर्ने कार्य,

१९. विभागको वार्षिक योजना, आवधिक योजनाहरूको निर्माण, कार्यान्वयन गर्ने कार्य,

२०. अन्य शाखाहरूको सहकार्यमा विभागको समग्र योजना सम्बन्धी सम्पूर्ण कार्यहरू,

२१. विभागको प्रशासकीय र मानव स्रोत विकास सम्बन्धी सम्पूर्ण कार्य,

२२. महानिर्देशकबाट निर्देशन भए बमोजिमका अन्य कार्य गर्ने,

२३. कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन तथा लिलाम बिक्री र प्राविधिक सहायता सम्बन्धी कार्य,

२४. कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत तथा व्यवस्थापनको सम्बन्धी केन्द्रीय अभिलेख तयार गर्ने सम्बन्धी कार्य,

२५. जिल्लास्तरका लिलाम बिक्री समितिहरूसँग समन्वय क्षमता विकास तथा प्राविधिक सहयोग सम्बन्धी कार्य,

२६. कसूरजन्य सम्पत्ति तथा साधनको भण्डारण स्थलको लागि जग्गा प्राप्ति वा गोदामघर निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य,

२७. कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको बुझिलिने, अभिलेख राख्ने र भण्डारणको व्यवस्था मिलाउने सम्बन्धी कार्य,

२८. कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन खिया लाग्ने, टुटीफुटी वा सडीगली जाने भए नभएको यकिन गरी लिलाम बिक्री गर्ने सम्बन्धी कार्य सार्वजनिक हित र जनस्वास्थ्यको दृष्टिले प्रयोगमा ल्याउन नहुने सम्पत्ति वा साधन नष्ट गर्ने सम्बन्धी कार्य,

२९. कसूरजन्य सम्पत्ति वा साधनको मूल्यांकन गर्ने र विवरण पठाउने सम्बन्धी कार्य,

३०. इन्जिनियरिङ कार्य र परामर्श सेवा सम्बन्धी,

३१. अदालतका आदेश वा फैसला बमोजिम जफत हुने ठहरिएको सम्पत्ति वा साधन सार्वजनिक हित, महत्व, सुरक्षा वा अन्य कारणले लिलाम बिक्री गर्न उपयुक्त नदेखिएको वा त्यस्तो सम्पत्ति वा साधन लिलाम बिक्री नगरी सोको नेपाल सरकारले समुचित प्रयोग गर्न उपयुक्त भए नभएको यकिन गरी उपयोग गर्न वा अन्य आवश्यक उपयुक्त व्यवस्था मिलाउने सम्बन्धी कार्य,

३२. रोक्का वा नियन्त्रणमा लिइएको कसूरजन्य सम्पत्ति वा साधनबाट आयस्ता प्राप्त हुनसक्ने देखिएमा उपयुक्त रूपले व्यवस्थापन गर्ने सम्बन्धी कार्य,

३३. जिल्ला प्रशासन कार्यालयहरूबाट लिलाम बिक्री हुने कसूरजन्य सम्पत्ति वा साधनको जाँच र मूल्यांकनको लागि सहयोग माग भई आएमा आवश्यक सहयोग उपलब्ध गराउने सम्बन्धी कार्य,

३४. रोक्का, नियन्त्रण लिइएको सम्पत्ति व साधनको संरक्षण सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य,

३५. कसूरजन्य सम्पत्ति व साधन रोक्का, नियन्त्रण र जफत गर्ने सम्बन्धमा अनुसन्धान अधिकारी र निकायसँग आवश्यक समन्वय गर्ने सम्बन्धी कार्य ।

- **आर्थिक प्रशासन शाखाको कार्य विवरणः-**

१. विभागको वार्षिक बजेट तर्जुमा निकासा एवं खर्चको प्रवन्ध सम्बन्धी कार्य,

२. निकासा रकमको खर्च हिसाव रीतपूर्वक राख्ने कार्य,

३. खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखा परीक्षण गराउने कार्य,

४. मातहतका निकायलाई पठाइने बजेट तथा अख्तियारी सम्बन्धी कार्य,

५. विभागका कार्यक्रमहरुको अर्थिक पक्षको अनुगमन सम्बन्धी कार्य,

६. पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्यौंट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्य,

७. आयव्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य,

८. प्रचलित कानुनले तोके बमोजिम आर्थिक प्रशासन सम्बन्धी अन्य विविध कार्यहरु,

९. आर्थिक कारोवारका प्रमुखलाई राय प्रदान गर्ने कार्य,

१०. नियमानुसार बैंक खाता संचालन गर्ने गराउने सम्बन्धी कार्य

११. मातहतका कर्मचारीको कार्यसम्पादन मूल्याङकन मा सुपरिवेक्षकको कार्य,

१२. राष्ट्रिय तथा अन्तराष्ट्रिय संध संस्था संग सोधभर्ना लिनु पर्ने वा दिनु पर्ने भए सो वारे सम्पूर्ण कार्य गर्ने

१३. विभाग तथा शाखाको खर्च विवरणहरु संकलन गरी केन्द्रीय आर्थिक विवरण तयार पार्ने,

१४. विभागको वेरुजु फछ्यौंट सम्वन्धी कार्यहरु गर्ने,

१५. महानिर्देशकबाट निर्देशन भए बमोजिमका अन्य कार्य गर्ने ।

## १.९. जिल्ला प्रशासन कार्यालयहरुमा रहने कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाइको कार्य विवरणः

कसूरजन्य सम्पत्तिको व्यवस्थापन सम्बन्धी कार्य गर्न जिल्ला प्रशासन कार्यालयहरुका गठन भएको कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाईको कार्य विवरण देहाय बमोजिम रहेका छनः

१ कसूरजन्य सम्पत्ति तथा साधन सम्बन्धी कार्यको सम्पर्क निकायको रूपमा कार्य गर्ने,

२ अदालतको आदेश वा फैसला अन्तिम भएपछि जफत भएका कसूरजन्य सम्पत्ति वा साधनको समुचित भण्डारण वा व्यवस्थापन गर्ने, प्राविधिक जाँच र मूल्यांकन गराई प्रतिवेदन लिने

३ कसूरको अनुसन्धान वा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिएको वा रोक्का राखिएको वा दशी प्रमाणको रूपमा अदालत समक्ष पेश भएको कुनै सम्पत्ति वा साधन खिया लाग्ने, टुटीफुटी वा सडीगली जाने वा अन्य कुनै कारणले हानी नोक्सानी हुने भए प्रतिवेदन लिई ऐन बमोजिमको कार्यविधी अपनाई लिलाम बिक्री गर्ने गराउने व्यवस्था मिलाउने,

४ अदालतको आदेश वा फैसला अन्तिम भएपछि अनुसन्धान अधिकारीले रोक्का राखेको सम्पत्ति वा साधन फिर्ता गर्नुपर्ने भएमा फिर्ता गर्ने व्यवस्था मिलाउने,

५ रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनबाट आयस्ता प्राप्त हुन सक्ने भए राय सहितको प्रतिवेदन विभागमा पठाउने,

६ कसूरको अनुसन्धान तहकिकातको सिलसिलामा अनुसन्धान अधिकारीले जिल्ला प्रशासन कार्यालयमा बुझाएको सम्पत्ति वा साधन विदेशी मुद्रा, विनिमेय अधिकारपत्र वा बहुमुल्य धातु वा वस्तु भएमा बैंकमा जम्मा गर्नको लागि बैंक तोकिदिने र सोको जानकारी विभागमा पठाउने,

७ जिल्लास्थित अनुसन्धानकारी निकायसँग समन्वय गरी जिल्लास्तरको एकीकृत अभिलेख व्यवस्थापन गरी मासिक विवरण पठाउने,

८ जफत भएका कुनै सम्पत्ति वा साधनमध्ये बिक्री हुन नसकेको, सार्वजनिक हित वा जनस्वास्थ्यको दृष्टिले प्रयोगमा ल्याउन नहुने भई नष्ट गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम नष्ट गर्ने व्यवस्था मिलाउने,

९ लिलाम बिक्री हुन नसकेको वा नेपाल सरकारले उपयोग गर्ने निर्णय गरेको अचल सम्पत्ति नेपाल सरकारको नाममा कायम गर्न सम्बन्धित निकायमा लेखी पठाउने,

१० तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १.१०. नीतिगत तथा कानूनी व्यवस्थाहरुः

कसूरजन्य सम्पत्ति तथा साधनको रोक्का, नियन्त्रण र जफत सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन विभागसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थाहरु देहाय बमोजिम रहेका छनः-

क) कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) ऐन, २०७०

ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

ग) सार्वजनिक खरिद ऐन, २०६३

घ) कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत)नियमावली, २०७७

ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

च) सार्वजनिक खरिद नियमावली, २०६४

छ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१-२०८६)

ज) गृह प्रशासन सुधार योजना, २०७८

झ) नेपाल सरकारको नीति तथा कार्यक्रम।

# परिच्छेद-२
# कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन

## २.१. कसूरजन्य सम्पत्ति तथा साधनको रोक्का,जफत र व्यवस्थपान सम्बन्धी उपलब्धिः

अदालतको अन्तिम फैसलाबाट जफत हुने ठहरिएको वा फैसला हुनु अगावै अदालतको आदेश बमोजिमको कसूरजन्य सम्पत्ति वा साधनको व्यावस्थापन गर्ने वा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा अनुसन्धानमा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन प्राप्त गरी सो सम्पत्ति तथा साधन सुरक्षित राखी व्यवस्थापन गर्ने कानूनी जिम्मेवारी कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको रहेको छ। सो कानूनी जिम्मेवारी बमोजिम अदालतको अन्तिम फैसला वा आदेशबाट जफत हुने ठहर भएका सम्पत्ति तथा साधनको लिलाम बिक्री गर्ने वा नेपाल सरकारको नाममा ल्याउने कार्य विभागले गर्दै आएको छ। आर्थिक वर्ष २०८१।८२ मा नेपाल सरकार, गृह मन्त्रालयले अदालतको अन्तिम फैसला बमोजिम जफत भएका काठमाडौं उपत्यकामा रहेको ५-०-२-१.३२ रोपनी जग्गा नेपाल सरकार/कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा ल्याउने निर्णय गरी दाखिला खारेजको प्रकृयामा रहेको छ। कसूरको तहकिकात तथा अनुसन्धानमा नियन्त्रण, रोक्का र जफत गरिएका सम्पत्ति तथा साधनको विवरण तथा सम्मानित अदालतको आदेश बमोजिम अन्तिम फैसला भई लिलाम बिक्री वा नेपाल सरकारको नाममा ल्याइएका सम्पत्ति तथा साधनको विवरण प्रदेशगत रूपमा प्रस्तुत गरिएको छ।

### २.१.१. कोशी प्रदेशः-

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ५ बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिईएको सम्पत्ति वा साधनमध्ये दशी प्रमाणको रूपमा अदालतमा बुझाउनु पर्ने सवारी साधन बाहेक अन्य सवारी साधन काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला बाहेक अन्य जिल्लाको हकमा अनुसन्धान अधिकृतले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा बुझाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेकोमा आर्थिक बर्ष २०८१।८२ मा कोशी प्रदेशमा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका दुई पाँग्रे सवारी साधन कूल १०५ (एक सय पाँच) वटा, चार पाँग्रे सवारी साधन २३ (तेइस) वटा, मिनि ट्रक ३ (तीन) वटा, टेक्टर २ (पाँच) वटा, टेम्पो ५ (पाँच) वटा, अटो १ (एक) वटा, एम्बुलेन्स ३ (तीन) वटा, भ्यान ४ (चार) वटा, सिटि सफारी १३ (तेह्) वटा, पिक अफ गाडी ५ (पाँच) वटा, बस १ (एक) वटा, सुमो गाडी १ (एक) वटा मोवाइल ३५ (पैतीस) वटा, भारतीय रुपैया रु. ३,८२,३३५।०० (तीन लाख बयासी हजार तीन सय पैतीस रुपैयाँ), विभिन्न जातको गोलिया काठ ५,०४१.८५ (पाँच हजार एकचालीस दशमलव पचासी) क्यू फिट सम्पत्ति तथा साधन जिल्ला प्रशासन कार्यालयहरुमा प्राप्त हुन आएको छ। त्यसैगरी सम्पत्ति तथा साधनको लिलाम बिक्री बापत रु. ७२,४३,४०३।०० (बहत्तर लाख त्रिचालीस हजार चार सय तीन रुपैयाँ) रकम कसूरजन्य कोषमा दाखिला गरिएको छ। नियन्त्रणमा लिई जिल्ला प्रशासन

कार्यालयहरूमा प्राप्त हुन आएका तथा जफत भई लिलाम बिक्री गरिएका सम्पत्ति तथा साधनहरुको विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

### २.१.२. मधेश प्रदेशः-

आर्थिक वर्ष २०८१।८२ मा मधेश प्रदेशमा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका दुई पाँग्रे सवारी साधन कूल ७७ (सतहत्तर) वटा, चार पाँग्रे सवारी साधन ३ (तीन) वटा, साइकल १ (एक) वटा, थ्री ह्वीलर २ (दुई) वटा सम्पत्ति तथा साधन जिल्ला प्रशासन कार्यालयहरूमा प्राप्त हुन आएको छ। त्यसैगरी सम्पत्ति तथा साधनको लिलाम बिक्री बापत रु. ६३,०००।०० (त्रिसठी हजार रुपैयाँ) रकम कसूरजन्य कोषमा दाखिला गरिएको छ। नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालहरूमा प्राप्त हुन आएका तथा जफत भई लिलाम बिक्री गरिएका सम्पत्ति तथा साधनहरूको विस्तृत विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ।

### २.१.३. बागमती प्रदेश (काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला बाहेक):-

आर्थिक बर्ष २०८१।८२ मा बागमती प्रदेशमा (काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला बाहेक) कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका दुई पाँग्रे सवारी साधन कूल ७२ (बहत्तर) वटा, चार पाँग्रे सवारी साधन ११ (एघार) वटा, ट्रक ४ (चार) वटा, टयाक्टर १० (दश) वटा, मिनि ट्रक ८ (आठ) वटा, अटो पावर २ (दुइ) वटा, ट्रिलर १ (एक) वटा, साइकल ४४ (चवालीस) वटा, अटो रिक्सा ४ (चार) वटा, मोवाइल १५१ (एक सय एकाउन्न) वटा, नगद नेपाली रु. १८,८८,०९०।–(रु. अठार लाख अठासी हजार नब्बे रुपैयाँ) सम्पत्ति तथा साधन जिल्ला प्रशासन कार्यालयहरुमा प्राप्त हुन आएको छ। त्यसैगरी सम्पत्ति तथा साधनको लिलाम बिक्री बापत रु. १,००,१५१।१० (एक लाख एक सय एकाउन्न रुपैयाँ दश पैसा) रकम कसूरजन्य कोषमा दाखिला गरिएको छ। नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालहरुमा प्राप्त हुन आएका तथा जफत भई लिलाम बिक्री गरिएका सम्पत्ति तथा साधनहरूको विस्तृत विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ।

### २.१.४. काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाको हकमाः-

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ५ बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनमध्ये दशी प्रमाणको रूपमा अदालतमा बुझाउनु पर्ने सवारी साधन बाहेक अन्य सवारी साधन काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाको हकमा अनुसन्धान अधिकृतले कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागमा बुझाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेकोमा आर्थिक बर्ष २०८०।८१ मा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका दुई पाँग्रे सवारी साधन कूल २ (दुई) वटा, चार पाँग्रे सवारी साधन ३ (तीन) वटा, जिप ३ (तीन) वटा, ट्रक १ (एक) वटा प्राप्त, ६२१.८५ (छ सय एक्काइस दशमलव

पचासी) ग्राम सुनको मूल्य रु. ४३,४७०२८।०० (त्रिचालीस लाख सतचालीस हजार अठाइस रुपैया), चाँदी १०० (एक सय) ग्राम, हिरा १०.५ (दश दशमलव पाच) क्या. को मूल्य रु. २,१०,०००।०० (दुइ लाख दस हजार रुपैयाँ) र ०.३५ (सुन्य दशमलव पैतीस) सेन्टको मूल्य रु.७,०००।०० (सात हजार रुपैयाँ) सहित जम्मा रकम रु. ४५,६४,०२८।०० (पैतालीस लाख चौसठी लाख अठाइस रुपैयाँ) को सून चाँदी लगायतका धातुहरू विभागमा प्राप्त हुन आएको छ। नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालहरूमा प्राप्त हुन आएका तथा जफत भई लिलाम बिक्री गरिएका सम्पत्ति तथा साधनहरूको विस्तृत विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ।

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २१ बमोजिम सम्मानित अदालतमा मुद्दा पेश भइ दशीको रुपमा पेश भएका दुई पाँग्रे सवारी साधन ८१ (एकासी) वटा, चार पाँग्रे सवारी साधन १० (दश) वटा, जिप १२ (बाह्र) वटा, सम्मानित शुरु अदालतको आदेशबाट जफत भएका दुई पाँग्रे सवारी साधन ४ (चार) वटा, चार पाँग्रे सवारी (२) वटा, साइकल (एक) वटा लिलाम बिक्री गर्न सम्मानित अदालतको आदेश बमोजिम विभागमा प्राप्त हुन आएको छ। सम्मानित अदालतको आदेश बमोजिम लिलाम बिक्रीका लागि प्राप्त हुन आएका सवारी तथा साधनहरुको विस्तृत विवरण अनुसूची-५ मा उल्लेख गरिएको छ।

सम्मानित सर्वोच्च अदालतको अन्तिम फैसला बमोजिम जफत हुने ठहर भएको प्रतिवादी आमोदानन्द मिश्रको नाममा रहेको क्षेत्रफल ०-८-२-० रोपनीको घर जग्गा, प्रतिवादी सरस्वती ढुङ्गानाको नाममा रहेको १-०-०-० रोपनी जग्गा, प्रतिवादी मुरारी बहादुर कार्कीको नाममा रहेको ०-१०-३-० रोपनी जग्गा र सोमा बनेको घर, प्रतिवादी केशरजङ्ग खडकाको २-०-१-१ रोपनी जग्गा, प्रतिवादी लक्ष्मणजंग खडकाको ०-१-२-१ र ०-०-२-२ रोपनी जग्गा, प्रतिवादी रामाज्ञा चर्तुर्वेदीको नाममा रहेको ६६०.९९ रोपनी जग्गा, प्रतिवादी रितेश चतुर्वेदीको नाममा रहेको ०-२-१-० रोपनी जग्गा र प्रतिवादी सरिता गिरी राईको नाममा रहेको ३७९.८० वर्गमिटर जग्गा र घर नेपाल सरकार/गृह मन्त्रालयको नाममा ल्याउने निर्णय भई सो घरजग्गा दाखिलाको प्रकृयामा रहेको छ। प्रतिवादीहरूको नाममा जफत भई नेपाल सरकार/कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाउँमा ल्याउने घर जग्गाको विस्तृत विवरण अनुसूची-६ मा उल्लेख गरिएको छ।

साथै, आर्थिक बर्ष २०८१।८२ मा सम्मानित अदालतको आदेश बमोजिम सम्पत्ती शुद्धीकरण मुद्दामा कसूरको नियन्त्रणमा लिइएको बा. १९ च. १०१७ को कार लिलाम बिक्री गरिएको छ।

## २.१.५. गण्डकी प्रदेशः-

आर्थिक बर्ष २०८१।८२ मा गण्डकी प्रदेशमा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका दुई पाँग्रे सवारी साधन कूल ३९ (उन्चालीस) वटा, चार पाँग्रे सवारी साधन ४ (चार) वटा, टेक्टर १ (एक) वटा, मोवाइल थान-३५ सम्पत्ति तथा साधन जिल्ला प्रशासन कार्यालयहरूमा

प्राप्त हुन आएको छ। नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालहरूमा प्राप्त हुन आएका तथा जफत भई लिलाम बिक्री गरिएका सम्पत्ति तथा साधनहरूको विस्तृत विवरण अनुसूची-७ मा उल्लेख गरिएको छ।

### २.१.६. लुम्बिनी प्रदेशः-

आर्थिक बर्ष २०८०।८१ मा लुम्बिनी प्रदेशमा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका दुई पाँग्रे सवारी साधन ८४ (चौरासी) वटा, चार पाँग्रे सवारी साधन १२ (बाह्र) वटा, ट्याक्टर १ (एक) वटा, साइकल ६ (छ) वटा, ट्रक १ (एक) वटा, अटो रिक्सा ३ (तीन) वटा, बोलेरो गाडी १ (एक) वटा र टिप्पर गाडी १ (एक) वटा, भारतीय नं. प्लेटका सवारी साधन ६ (छ) वटा, मोवाइल थान-९० (नब्बे), नगद नेपाली रु. २०,१९०।–(बीस हजार एक सय नब्बे रुपैयाँ), भारतीय रु. २९,५००।-(उन्नतीस हजार पाँच सय रुपैयाँ) सम्पत्ति तथा साधन जिल्ला प्रशासन कार्यालयहरूमा प्राप्त हुन आएको छ। त्यसैगरी सम्पत्ति तथा साधनको लिलाम बिक्री बापत रु. १,४४,०८५।-(एक लाख चवालीस हजार पचासी रुपैयाँ) रकम कसूरजन्य कोषमा दाखिला गरिएको छ। नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालहरूमा प्राप्त हुन आएका तथा जफत भई लिलाम बिक्री गरिएका सम्पत्ति तथा साधनहरूको विस्तृत विवरण अनुसूची-८ मा उल्लेख गरिएको छ।

### २.१.७. कर्णाली प्रदेशः-

आर्थिक बर्ष २०८१।८२ मा कर्णाली प्रदेशमा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका दुई पाँग्रे सवारी साधन कूल २६ (छब्बीस) वटा, चार पाँग्रे सवारी साधन १ (एक) वटा, ट्रक १ (एक) वटा, मिनि ट्रक ३ (तीन) वटा, ट्रिलसहितको ट्रेक्टर २ (दुई) वटा, पावर टिलर २ (दुई) वटा, टेक्टर २ (दुई) वटा, मोवाइल थान-१२, सालको काठको अनुमानित मूल्य रु.२०,९७,१९९।२५ (बीस लाख सन्तानब्बे हजार एक सय उन्नासय रुपैयाँ पच्चीस पैसा), नगद नेपाली रु. १,७९,०००।–(एक लाख उन्नाअसी हजार) सम्पत्ति तथा साधन जिल्ला प्रशासन कार्यालयहरूमा प्राप्त हुन आएको छ। नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालहरुमा प्राप्त हुन आएका तथा जफत भई लिलाम बिक्री गरिएका सम्पत्ति तथा साधनहरूको विस्तृत विवरण अनुसूची- ९ मा उल्लेख गरिएको छ।

### २.१.८. सुदूरपश्चिम प्रदेशः-

आर्थिक बर्ष २०८१।८२ मा सुदूरपश्चिम प्रदेशमा कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका दुई पाँग्रे सवारी साधन कूल ४२ (बयालीस) वटा, चार पाँग्रे सवारी साधन ७ (सात) वटा, मिनि ट्रक २ (दुई) वटा, मोवाइल थान-१, सालको काठ गोलिया १४० (एक सय चालीस) थान, नगद नेपाली रु. ५,५२,३२९।–(पाँच लाख बाउन्न हजार तीन सय उन्नतीस रुपैयाँ) सम्पत्ति

तथा साधन जिल्ला प्रशासन कार्यालयहरूमा प्राप्त हुन आएको छ। नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यारूहरुमा प्राप्त हुन आएका तथा जफत भई लिलाम बिक्री गरिएका सम्पत्ति तथा साधनहरूको विस्तृत विवरण अनुसूची-१० मा उल्लेख गरिएको छ।

## २.२ जफत हुने ठहर भएको बैंक तथा फाइनान्समा रहेको रकम दाखिला सम्बन्धमाः

सम्मानित सर्वोच्च अदालतको अन्तिम फैसला बमोजिम वादी नेपाल सरकार भएका अनुसूची-१२ का मुद्दाहरूमा प्रतिवादीहरूको नाममा विभिन्न बाणिज्य वैंकहरुमा रही जफत हुने ठहर भएको कूल रकम रु. ४३,२२,२६५।४५ (त्रिचालीस लाख बाईस हजार दुई सय पैसठ्ठी रुपैयाँ पैतालीस पैसा), फाईनान्स तथा सहकारीमा जफत हुने ठहर भएको कूल रकम रु. १७,९२,७८०।८१ (सत्र लाख बयानब्बे हजार सात सय असी रुपैयाँ एकासी पैसा) गरी कूल रकम रु. ६१,१५,०४६।२६ (एकसठी लाख पन्ध्र हजार छयालीस रुपैयाँ छब्बीस पैसा) यस विभागको नाममा रहेको कोषमा दाखिला गर्ने निर्णय भई सो रकममध्ये रु. ३,३१,५८६।०४ (तीन लाख एकत्तीस हजार पाँच सय छयासी रुपैयाँ चार पैसा) यस विभागको नाममा रहेको कोषमा दाखिला भई सकेको छ। प्रतिवादीहरूको नामको बैंक, फाइनान्स तथा सहकारीमा रहेको जफत हुने ठहर भएको रकम सहित विभागको नाममा दाखिला गर्ने सम्बन्धी विस्तृत विवरण अनुसूची- ११ मा रहेको छ।

## २.३. जफत हुने ठहर भएको सेयर सम्बन्धमाः

सम्मानित सर्वोच्च अदालतको अन्तिम फैसला बमोजिम प्रतिवादीमध्येका रामाज्ञा चतुर्वेदीको नाममा रहेको नेपाल मेडिकल कलेजको ३०,००० (तीस हजार) कित्ता शेयरको मुल्य रु. ३०,००,०००।०० (तीस लाख रुपैयाँ) र शिखर पेन्ट्सको नाममा रहेको ५,००० (पाँच हजार) कित्ता शेयरको रु. ५,००,०००।०० (पाँच लाख रुपैयाँ) सहित बढेबढाएका शेयर र प्रतिवादी अभिषेक चतुर्वेदीको ओम हस्पिटल एण्ड रिसर्च सेन्टरको नाममा रहेको ३०,००० (तीस हजार) कित्ता शेयरको रु. ३०,००,०००।०० (तीस लाख रुपैयाँ) रकम सहित जफत भएको बढेबढाएको शेयरको रकम समेत, प्रतिवादी आनन्द प्रसाद खनाल समेत भएको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू अनिल खनाल, अमित खनाल र आभाष खनालको डाउन डेभलपर्स कम्पनीको नाममा रहेको प्रतिव्यक्ति १७,००० सेयरको प्रतिव्यक्ति रु. १७,००,०००।०० (सत्र लाख रुपैयाँ) रकम सहित जफत भएको बढेबढाएको शेयरको रकम समेत तथा प्रतिवादी आनन्द प्रसाद खनालले लामा कन्स्ट्रक्सन प्रा.ली.लाई दिएको ऋण सापट रू. ३२,००,०००।०० (बत्तिस लाख रुपैयाँ) र निजको बैंक लकरबाट बरामद भएको मूल्याङ्कित रु. १५,७१,८८२।४६ (पन्ध्र लाख एकहत्तर हजार आठसय बयासी रुपैंया छयालिस पैंसा) को गहनामध्ये रु. २,४२,७८६।१६ (दुई लाख बयालिस हजार सात सय छयासी रुपैयाँ सोह्र पैंसा) का सूनसमेतका गरगहना र सो बाट बढेबढाएका जफत हुने ठहर भएको रकम एवं प्रतिवादी केदार ढुङ्गानाको नाममा रहेको आ.वि. वित्त कम्पनि, एभरेष्ट बैंक लि.,

नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैंक लि., तारा गाउँ होटल तथा प्रतिवादी सरस्वती ढुङ्गानाको नाममा रहेको सिद्धार्थ एपोलो हस्पिटलको जम्मा रु.१,२८,३९०।०० (एक लाख अठ्ठाइस हजार तीन सय नब्बे) को जफत हुने ठहर भएको सेयर सहित कूल सेयर, ऋण सापट र लकरबाट बरामद भएको सूनचाँदीको रकम समेत रु. १,६५,००,२७२।४६ (एक करोड पैसठी लाख दुई सय बहत्तर रुपैया छयालीस पैसा) विभागको नाममा रहेको कोषमा दाखिला गर्ने निर्णय भई कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र सम्बन्धित अन्य निकायलाई दाखिलाका लागि सहजीकरण गर्न समन्वय गर्ने कार्य भइरहेको छ। प्रतिवादीहरूको जफत भएको सेयर, ऋण सापट र लकरबाट बरामद भएको रकम सम्बन्धी विस्तृत विवरण अनुसूची-१२ मा उल्लेख गरिएको छ।

## २.४. कसूरजन्य कोष तथा धरौटी रकमः

अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन तथा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनबाट प्राप्त हुन आउने कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा २२ बमोजिमको कसूरजन्य सम्पत्ति व्यावस्थापन कोषमा आर्थिक बर्ष २०८०।८१ सम्ममा रु. २,९१,६९,६३२।६७ (दुई करोड एकानब्बे लाख उन्साठी हजार छ सय बत्तीस रुपैयाँ सतसठ्ठी पैसा) बराबरको रकम जम्मा हुन आएकोमा आर्थिक बर्ष २०८१।८२ मा रु. ३,३७,३५,२०६।७१ (तीन करोड सटतीस लाख पैतीस हजार दुई सय छ रुपैयाँ एकहत्तर पैसा) रकम जम्मा भएको छ। कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको रकम मध्ये जिल्ला प्रशासन कार्यालय धनकुटाबाट रु. १२,८६,०९४।०० (बाह्र लाख छयासी हजार चौरानब्बे रुपैया), जिल्ला प्रशासन कार्यालय सुनसरीबाट रु. ७,५९,३६००० (सात लाख उन्साठी हजार तीन सय साठी रुपैयाँ) र जिल्ला प्रशासन कार्यालय दोलखाबाट रु. ५४,५९०।०० (चौवन्न हजार पाँच सय नब्वे रुपैयाँ) प्राप्त भएको छ। गत आर्थिक बर्षको तुलनामा आर्थिक वर्ष २०८१।८२ मा कसूरजन्य व्यवस्थापन कोषमा जम्मा हुन आएको रकम १३.५३ (तेह्र दशमलव त्रिपन्न) प्रतिशतले वृदि हुन आएको छ।

त्यसैगरी कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको नगद तथा सम्पत्ति वा साधनबाट प्राप्त हुने लगायत कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ७ बमोजिम प्राप्त हुन आएको धरौट वापतको रकम आर्थिक बर्ष २०८०।८१ सम्ममा धरौटी खातामा रु. २,१६,०३,७४०।०० (दुई करोड सोह्र लाख तीन हजार सात सय चालीस) रकम जम्मा हुन आएकोमा आर्थिक बर्ष २०८१।८२ मा रु. ४,१५,६९,७५०।०० (चार करोड पन्ध्र लाख उन्सत्तरी हजार सात सय पचास रुपैया) रकम जम्मा भएको छ । गत आर्थिक बर्षको तुलनामा आर्थिक बर्ष २०८१।८२ मा धरौटी खातामा जम्मा हुन आएको रकम ४८.०३ (अठचालीस दशमलव तीन) प्रतिशतले वृद्धि हुन आएको छ।

## परिच्छेद-३

## सम्पत्ति शुद्धीकरण,ग्रे लिष्टबाट बाहीरिने सम्बन्धी कार्य र बार्षिक बजेट तथा अन्य कार्यक्रम

### ३.१. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना सम्बन्धमाः

सम्पत्ति शुद्दीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) को उद्देश्य नं. २ को रणनीति १. ३ मा कसूरजन्य सम्पत्ति, नियन्त्रण, जफत र असुल उपर सम्बन्धी मार्गदर्शन बनाई लागु गर्ने व्यवस्था भई सो कार्ययोजनाको १.३.२ मा उक्त मार्गदर्शन २०८१ पुष महिनाको समयसीमा भित्र बनाई लागु गर्ने व्यवस्था रहेकोमा विभागबाट "कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापन असुल उपर सम्बन्धी मार्गदर्शन, २०८१" को मस्यौदा तयार भई स्वीकृतिका लागि नेपाल सरकार, गृह मन्त्रालयमा पठाइएको छ।

त्यसैगरी कार्ययोजनाको ५.१.४ मा रोक्का, नियन्त्रण र जफत सम्बन्धमा फरक फरक ऐनहरूमा रहेका फरक फरक कानूनी व्यवस्थालाई खारेज गरी कसूरजन्य सम्पत्ति (रोक्का, जफत र नियन्त्रण) ऐन अनुसार हुने गरी कानूनको मस्यौदा २०८१ को पुष महिनाको समयसीमा भित्र तयार गर्ने भन्ने व्यवस्था रहेकोमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट गठित मस्यौदा समितिमा यस विभागको प्रतिनिधित्व रही विभागले कसूरको रोक्का, नियन्त्रण र जफत सम्बन्धमा अन्य विषयगत ऐनहरूसँग बाझिएका कानूनहरू कसूरजन्य ऐनसँग तादम्यता हुने गरी राय सहितको मस्यौदा उपलब्ध गराएको छ। साथै रणनीति र कार्ययोजनामा सम्पत्ति शुद्दीकरणसँग उल्लिखित विषयको प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा उपलब्ध गराउने तथा बैठक एवं कार्यशालामा विभागको तर्फबाट गरिएका काम तथा कारवाहीहरूको आवधिक प्रगति पेश गर्ने गरिएको छ।

### ३.२. ग्रे लिष्टबाट बाहिरिने सम्बन्धी कार्य सम्बन्धमाः

नेपाललाई ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापहरूको विस्तृतीकरण, २०८२ को अनुसूची ६ को बुँदा नं. ६.१.१ मा कसूरजन्य सम्पत्ति तथा साधन पहिचान, रोक्का, नियन्त्रण, दाबीको विवरण र सम्पत्ति मुद्दा पिच्छे चौमासिक र वार्षिक रुपमा कसूरजन्य सम्पत्ति सम्बन्धित निकायको समन्वयमा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागमा तत्काल आउने व्यवस्था गर्ने प्रावधान रहेकोमा सम्मानित सर्वोच्च अदालत, नेपाल प्रहरी, राजश्व अनुसन्धान विभाग, वन तथा भू-संरक्षण विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, आन्तरिक राजश्व विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, भन्सार विभाग तथा सम्पूर्ण जिल्ला प्रशासन कार्यालयहरुमा कसूरजन्य सम्पत्ति पहिचान, रोक्का, तथा नियन्त्रण सम्बन्धि विवरण उपलब्ध गराउन पत्राचार भई समन्वय गरिएको छ। साथै कसूरजन्य सम्पत्ति तथा साधनको पहिचान, रोक्का, नियन्त्रण र दावीको मासिक विवरण उपलब्ध गराउन सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार भई जिल्ला प्रशासन कार्यालयहरूबाट विवरण प्राप्त हुने कार्य भई रहेकोमा प्राप्त हुन आएका विवरणहरूको वर्गीकरण गरी सो विवरण एकीकृत गर्ने कार्य हुने गरेको छ।

बिस्तृतीकरणको बुँदा नं. ६.१.२ मा तत्कालका लागि एक्सेल सिट लगायतका उपकरण र दीर्घकालीन रूपमा सफ्टवेयरको व्यवस्था गर्ने प्रावधान रहेकोमा विभाग तथा जिल्ला प्रशासन कार्यालयहरुबाट तत्कालका लागि एक्सेल सिटमा कसूरजन्य सम्पत्ति तथा साधनको विवरण वर्गीकरण गरी अद्यावधिक गर्ने गरिएको छ भने आर्थिक वर्ष २०८२।८३ को वार्षिक बजेटमा कसूरको नियन्त्रण, रोक्का र जफतको लागि एकीकृत तथ्याङ्क प्रणालीको सफ्टवेयर निर्माणका लागि वजेट प्राप्त भएकोमा विभागबाट सफ्टवेयर निर्माणका लागि समिति गठन भई खरिद प्रकृया अगाडि बढेको छ।

त्यसैगरी प्रचलित कानुनको अधिनमा रही विभिन्न अनुसन्धानकारी वा अन्य निकायमा रहेको अपराधसँग सम्बन्धित सूचना एक आपसमा विद्युतीय माध्यमबाट आदान प्रदान गर्न स्थापना भएको राष्ट्रिय अपराध अभिलेखालयमा रहेका सूचना प्रयोग गर्नका लागि आवश्यकता अनुसार विद्युतीय माध्यमबाट अनुसन्धानकारी वा अन्य निकायसँग सूचना आदानप्रदान हुने गरेको छ। साथै कसूरजन्य सम्पत्ति तथा साधनको नियन्त्रण, रोक्का र जफतलाई प्रभावकारी बनाई सम्पत्ति तथा साधनको समयमा नै प्राप्ति सहित व्यवस्थापनका लागि विभागले अनुसन्धानकारी निकाय, अभियोजनकारी निकाय तथा अन्य कानुन कार्यान्वयन गर्ने निकायहरूसँग छलफल तथा अन्तक्रिया कार्यक्रम संचालन गर्दै आइरहेको छ।

### ३.३. बार्षिक बजेटः

आर्थिक वर्ष २०८१।८२ मा विभागको कूल बजेट रु. ३६३.६५ लाख भएकोमा चालू खर्चतर्फ रु.३२२.६५ लाख र पूजीगत खर्चतर्फ ४१ लाख रकम विनियोजन भएको थियो। विनियोजन भएको बजेटमध्ये चालू खर्चतर्फ ९७ प्रतिशत र पूजीगत खर्चतर्फ ४१.४६ प्रतिशत रकम खर्च भएको छ।

### ३.४ कार्यक्रम तथा क्रियाकलाप सम्बन्धमाः

आर्थिक वर्ष २०८१।८२ मा विभागले जिल्ला स्थित सरोकारवाला निकायहरूसँग २१ (एक्काइस) जिल्लामा कसूरजन्य सम्पत्तिको रोक्का,जफत र नियन्त्रण तथा प्रभावकारी समन्वय र सहजीकरण सम्बन्धमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ। त्यसैगरी सम्मानित अदालतका प्रतिनिधि, अभियोजनकर्ता र कानून कार्यान्वयन गर्ने सरोकारवालहरूको सहभागितमा कसूरजन्य सम्पत्ति तथा साधनको प्रभावकारी व्यवस्थापन सम्बन्धमा काठमाडौंमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

# परिच्छेद-४
# समस्या, चुनौती तथा सुझाव र सिफारिसहरू

## ४.१ समस्या तथा चुनौतीहरू

फौजदारी कसूरवाट जफत भएका सम्पत्ति तथा साधनको व्यवस्थापन गरी उक्त सम्पत्ति तथा साधनहरू राज्यको कोषमा ल्याउनु विभागको मूल कानूनी दायित्व रहेकोमा नेपाललाई वित्तीय कारवाही कार्यदलले ग्रे लिष्टमा सूचीकृत गरेपछि सम्पत्ति तथा साधन यथोचित र समयमा नै प्रभावकारी व्यवस्थापन गर्नु पर्ने देखिन्छ। आयोजना , संरचनागत र संस्थागत क्षमतामा प्रभावकारिताको कमी तथा स्रोत साधनको न्यूनता रहेको कारणले विभागले आफ्ना क्रियाकलापलाई अपेक्षित रूपमा प्रभावकारी बनाउन सकेको छैन। कसूरजन्य सम्पत्तिको व्यवस्थापनमा विभागका देहाय बमोजिमका समस्या तथा चुनौतीहरू रहेका छनः

- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा भएको कसूरको नियन्त्रण, रोक्का र जफत सम्बन्धी व्यवस्था अन्य क्षेत्रगत ऐनसँग दोहोरोपना भई सो सम्बन्धी व्यवस्था कसूरजन्य ऐन अनुसार एकरूपता हुने गरी संशोधन हुन नसकेको।
- कसूरको नियन्त्रण, रोक्का  र जफत तथा अभियोजनमा सम्पत्ति तथा साधन कसूरजन्य ऐन बमोजिम हुने गरेको नदेखिएको।
- कसूरको अनुसन्धानमा रोक्का र नियन्त्रणमा लिइएका दशीको रूपमा अदालतमा बुझाउनु पर्ने सम्पत्ति तथा साधन बाहेक अन्य सम्पत्ति तथा साधन अनुसन्धान अधिकृतले काठमाडौं उपत्यकाको हकमा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाउनु पर्नेमा त्यस्तो सम्पत्ति तथा साधन बुझाउने गरेको नदेखिएको।
- नियन्त्रणमा लिएका साधन वा सम्पत्ति कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागमा बुझाउँदा सवारी साधन वा सम्पत्ति धनिको नाम, कुन अदालतमा मुद्दा दायर भएको हो सो प्रष्ट नखुलाइ बुझाउँदा त्यस्ता सम्पत्ति वा साधन अदालतबाट जफत हुनु अगाडि नै अदालतको अनुमति लिई लिलाम बिक्री गर्नमा समस्या हुने गरेको।
- रोक्का, नियन्त्रण र जफतको सम्पत्ति तथा साधनको एकीकृत विवरण नहुँदा कसूरजन्य सम्पत्ति व्यवस्थापनमा कठिनाई हुने गरेको।
- जिल्ला अदालतबाट जफत हुने ठहर भएका सम्पत्ति तथा साधन पुनरावेदन परे नपरेको तथा सम्मानित उच्च र सर्वोच्च अदालतबाट जफत हुने ठहर भएका सम्पत्ति तथा साधनको विवरण समयमा नआउँदा कसूरसँग सम्बन्धित सवारी साधन तथा सम्पत्तिको समयमा नै व्यवस्थापनमा हुन नसकेको।
- सवारी साधनको हकमा उत्पादन वर्ष (Manufacturing year) र परल मूल्य (Market price) नखुल्दा मूल्याङ्कनमा समस्या हुने गरेको।

- आंशिक मात्र जफत हुने ठहरी फैसला भएको जग्गाको व्यावस्थापनमा कित्ताकाट हुन नसक्ने, बाटोको पहुँच आदिका कारणले समयमा नै नेपाल सरकारको नाममा ल्याउन वा लिलाम बिक्री गर्न नसिकएको।
- जफत हुने ठहर भएको जग्गा सम्बन्धमा फैसलमा द्विविधा उत्पन्न भई कानूनी राय तथा अन्य निकायसँग समन्वय गर्दा समयमा नै तत् तत् निकायबाट सहजीकरण नहुँदा कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन गर्न समस्या हुने गरेको।
- जफत भएका सेयर, बण्ड, डिवेञ्चर लगायत वित्तीय उपकरणका सम्बन्धमा सेयर होल्डर, सेयर वा द्वितीय बजारमा दर्ता भएको कस्तो फाइनान्सियल एसेट जफत भएको हो भन्ने व्यवस्था प्रष्ट नखुल्दा तथा नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्टारको कार्यालयले समयमै विवरण उपलब्ध नगराउँदा जफत भएका वित्तीय उपकरणको व्यवस्थापनमा कठिनाइ रहेको।
- जग्गाको रोक्का कुन निकायले रोक्का गरेको ? हो सो सम्बन्धमा प्रष्ट विवरण प्राप्त नहुँदा कसूरजन्य सम्पत्ति नेपाल सरकारको नाममा समयमा दाखिला हुन नसकेको।
- जफत भएको जग्गा लिलाम बिक्रीका लागि मूल्याङकन सम्बन्धमा कसूरजन्य ऐनले प्रष्ट सम्बोधन नगर्दा जग्गाको लिलाम बिक्री गर्न कठिनाई रहेको।
- नियन्त्रणमा लिइएका तथा जफत भएका सम्पत्ति तथा साधन वेयर हाउसको अभावमा स्टोर गर्न तथा सुरक्षित राख्न कठिनाई रहेको।
- लिलाम बिक्री हुन नसकेका सवारी साधनको पूनः मुल्याङकन गर्नका लागि कानूनले स्पष्ट मागर्दशन गर्न नसकेको।
- लिलाम बिक्री भएका सवारी साधन काठमाडौं बाहेक अन्य यातायात कार्यालयमा दर्ता गर्ने व्यवस्था भएको हुँदा लिलाम बिक्रीमा असहजता देखिएको।
